राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०७, संख्या ५, मकवानपुर, श्रावण ३० गते, २०८० साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको राक्सिराङ्ग गाउँपालिका नगर प्रहरी कार्यविधि,२०८० सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# राक्सिराङ्ग गाउँपालिका नगर प्रहरी कार्यविधि, २०८०

संवत् २०८० को कार्यविधि नं. ९४

# राक्सिराङ्ग गाउँपालिका नगर प्रहरी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०४।३०

**प्रस्तावाना**

राक्सिराङ्ग गाउँपालिकामा समय समयमा पारित हुने नीति, नियम, निर्णय मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयन सहयोग र सहजीकरणका लागि सुरक्षा, संरक्षणका साथै विपद व्यवस्थापन सम्बन्धि कार्य गर्न आवान्छनिय गतिविधि नियन्त्रण गर्न, विपद पछिका खोजी उद्धार राहत तथा पुर्नस्थापना गर्न साथै गाउँपालिकाको राजश्व रकमा बढाउन सहयोगी पुग्ने गरि अनुगमन, नियन्त्रण तथा कानून अनुसार गतिविधि सञ्चालन गर्न नगर प्रहरी सेवा गठन गरी राक्सिराङ्ग गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाइ न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभुत गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदाफा १ बमोजिम राक्सिराङ्ग गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "राक्सिराङ्ग गाउँपालिका नगर प्रहरी कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनु पर्दछ ।

ख) "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले राक्सिराङ्ग गाउँपालकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि कार्यान्वयन गर्न यसै अन्तर्गत बनेका नियम, निर्देशिका, निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

छ) "जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्छ ।

ज) "प्रहरी कर्मचारी" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको नगर प्रहरी सेवामा रहेका प्रहरी अधिकृत र जवान सम्झनुपर्छ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन तथा परिचालन

**३. नगर प्रहरी सेवाको गठनः**

क) नेपाल सरकारको कार्य विस्तृतीकरण नीति बमोजिम नगर प्रहरीसँग सम्बन्धि अधिकार प्रयोग गरि गाउँ कार्यापालिकाले तोकेका कार्यहरु कार्यान्वयन गर्न एक राक्सिराङ्ग नगर प्रहरी सेवा गठन हुनेछ ।

ख) प्रहरी कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

ग) प्रहरी कर्मचारीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ र कार्यापालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

घ) प्रहरी कर्मचारीको नियन्त्रण र परिचालनको लागि कार्यपालिकाले आवश्यक निर्देशन र मापदण्ड जारी गर्नेछ । जारी निर्देशन र मापदण्डको कार्यान्वयन गर्नु गराउनु सबैको कर्तव्य हुनेछ ।

ङ) कार्यपालिकाबाट स्वीकृत नीति, अध्यक्षको निर्देशन र मापदण्डको आधारमा प्रमुख प्रशासकिय अधिकृतले प्रहरी कर्मचारीको नियन्यत्र र परिचालन गर्नेछ । प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

च) नगर प्रहरीको संगठन संरचना देहाय बमोजिम हुनेछ । आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी थप घट गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| क) | नगर प्रहरी सहायक निरिक्षक | १ जना |
| ख) | नगर प्रहरी हवल्दार | १ जना |
| ग) | नगर प्रहरी जवान | ५ जना |

## ४. नगर प्रहरी पोशाक र चिन्हः

(१) नगर प्रहरीको एक छुट्टै पोशाक हुनेछ । पोशाकमा पद अनुसारको नाम एवम् दर्ज्यानी चिन्ह रहनेछ । निजहरुको पोशाकको पाखुरामा अनुसूची १ अनुसारको राक्सिराङ्ग गाउँपालिकाको छुट्टै लोगो

अंकित चिन्ह रहनेछ । लोगो भन्दा तल देहाय बमोजिमको दर्ज्यानी चिन्ह रहनेछ ।

क) नगर प्रहरी सहायक निरीक्षक - कुममा एक तारा

ख) नगर प्रहरी हवल्दार - कुममा तिन धर्का

ग) नगर प्रहरी जवान - कुममा फिता मात्र

## परिच्छेद-३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः**

**प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

क) गाउँपालिकाको सम्पत्ति सुरक्षा र संरक्षण गर्ने,

ख) गाउँमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन गर्ने,

ग) गाउँ बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

घ) गाउँको सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

च) सार्वजनिक, ऐलानी र पर्तिजग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

छ) विपद व्यवस्थापन अन्तर्गत खोजी, उद्दार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने,

ज) राजश्व बृद्धि गर्न आवश्यक पर्ने अनुगमन,चोरी निकासी नियन्त्रण लगायत अन्यक कार्यमा सहजीकरण गर्ने ।

झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण गर्ने, तथा पुटपाथमा रहेको व्यासायलाइ व्यवस्थित बनाउने ।

ञ) छाडा चौपायाको नियन्त्रण गर्ने,

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

ठ) गाउँ पालिका तथा वडा कार्यालयको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

ड) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

ढ) कार्यालयको सुरक्षा गर्ने ।

**६. नगर प्रहरी नियुक्तिः**

(१) नगर प्रहरी सेवामा देहायका पदहरु रहने छन् र रिक्त पदमा खुला प्रतियोगिताद्वारा तथा बढुवाद्वारा पुर्ति गरी नियुक्ति गरिनेछः

क) नगर प्रहरी सहायक निरीक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

(२) शुरुमा प्रहरी सहायक निरिक्षकको पदमा पदपूर्ति भै कुनै कारणबाट रिक्त हुन आएमा सो पदमा पदपूर्ति गर्नुपर्दा कार्यरत मध्येका हवल्दार मध्येबाट कार्यदक्षता, अनुभव र कार्यकुशलताको आधारमा पदपूर्ति प्राथमिकता दिइने छ । तर प्रहरी सहायक निरिक्षकको लागि शैक्षिक योग्यता वा नेतृत्व क्षमता र कार्यकुशलताको लागि खुल्ला प्रतियोगिताबाट भर्ना गर्न कार्यालयले उपयुक्त देखेकोमा खुल्ला प्रतियोगिता मार्फत प्रतिस्पर्धाबाट नियुक्ति गरिने छ ।

सेवा गठन गर्दाको बखत नगर प्रहरी नियुक्त गर्दा प्रचलित कानुन बमोजिम सेवा करार मार्फत नगर प्रहरी सहायक निरीक्षक १ जना, नगर प्रहरी

हवल्दार १ जना र नगर प्रहरी जवान ५ जनाको लागि मात्र गरिनेछ । अन्य व्यवस्था कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(३) हवल्दार पद रिक्त भएमा पनि उपदफा २ अनुसारकै प्रकृयाबाट प्रहरी जवानबाटै नियुक्ती हुनेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्ति नभए सम्मको लागि कार्यपालिकाले तोकेको संख्यामा करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) जिल्ला वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

ग) गाउँपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य

(५) नगर प्रहरीको नयाँ भर्ना तथा पदपूर्तिका लागि छनौट पकृयामा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिले नगर प्रहरीमा करार सेवाबाट पदपूर्ति गर्नुपर्दा समिति आफैले मापदण्ड बनाई पदपूर्ति गर्न वा नेपाल सरकारक जङ्गि, शसस्त्र वा जनपद मध्ये कुनै एकलाई नगर प्रहरीका विभिन्न पदमा छनौट गरिदिन अनुरोध गर्न सक्नेछ । यसरी छनौट भई आएका उम्मेदवारलाई नगर प्रहरीमा करार सम्झौता गरिनेछ । यस उपदफा बमोजिम छनौट गर्दाको थप मापदण्ड पदपूर्ति समितिले तोके बमोजिम हुनेछ ।

(७) माथि जुनसुकै कुरा लेखिए तापनि कार्यविधि स्वीकृत भई पहिलो पटकका लागि पदपूर्ती गर्नुपर्दा समितिले करार सेवामा नगर प्रहरी भर्ना

गर्दा नेपाल सरकार वा विदेशी सरकारको जङ्गी, शसस्त्र वा जनपदबाट अवकाश प्राप्त वा कम्तीमा ५ वर्षको सेवा अनुभव भएका व्यक्ति हरु मध्येबाट मात्र निवदेन माग गरी छनौट गर्नेछ । यसरी नियुक्ती गर्दा उम्मेदवारको उमेर हद ४० बर्ष ननाघेको हुनुपर्नेछ । यस बमोजिम पदपूर्ती हुन नसकेमा मात्रै कार्यपालिकाबाट निर्णय गराई समितिले खुला प्रतिस्पर्धाका आधारमा छनौट गरी सिफारिस गर्न सक्नेछ ।

## ७. नियुक्ति गर्ने अधिकारीः

दफा ६ बमोजिमको पदपुर्ति समितिको सिफारीसमा छनौट भएका प्रहरी कर्मचारीलाई छनौट समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

## ८. खुल्ला प्रतियोगिताको लागि योग्यताः

नगर प्रहरी सेवाका विभिन्न पदहरुमा नियुक्ति गर्दा जुन जुन पदको लागि हो सो पदको लोक सेवा आयोगबाट निर्धारण भएको योग्यता र पाठ्यक्रम नै खुला प्रतियोगिताको लागि छनौट गर्ने प्रकृयाको आधार हुनेछ । नगर प्रहरीमा रहने पुरुष र महिला कर्मचारीको अनुपात कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## ९. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः

१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- क) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,
- ख) पदपुर्ति कार्यतालिका बनाउने,
- ग) परीक्षाको किसिम तोक्ने,

घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने

च) नियुक्तिका लागि सिफारिस गर्ने,

छ) लोक सेवा आयोगबाट स्वीकृत नगर प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपानउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

ग) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्ने सक्नेछ ।

**१०. योग्यताक्रमको सूची तयार गर्नेः**

१) पदपूर्ति समितिले उम्मेदवारको प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम सूची तयार गरी नतिजा प्रकाशन गर्नुपर्नेछ । त्यसरी नतिजा प्रकाशन गर्दा कुल रिक्त पदको बढीमा बीस प्रतिशतसम्म योग्यता क्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिमको लागि पेश गर्नेछ ।

३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैत्तीस दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरिसक्नुपर्नेछ ।

४) नियुक्ति भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनु पर्नेछ ।

५) सिफारिस भएको उम्मेदवार ५ दिन भित्र नियुक्ति लिन नआएमा निजको सिफारिस स्वतः खारेज हुनेछ र वैकल्पिक उम्मेदवारलाई नियुक्तको लागि सिफारिस गरिनेछ ।

**११. ज्येष्ठताक्रम कायम गर्नेः**

नगर प्रहरीको जेष्ठताक्रम कायम गर्दा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमको आधारमा ज्येष्ठताको क्रम निर्धारण गरिनेछ ।

**१२. परीक्षणकालमा राखिनेः**

नयाँ नियुक्ति प्राप्त प्रहरी कर्मचारीलाई तीन महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नीजको नियुक्ति रद्द गर्न सकिनेछ ।

**१३. नियुक्ति सदर हुनेः**

परीक्षणकालमा रहेको प्रहरी कर्मचारीको काम सन्तोषजनक देखिएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा त्यस्तो प्रहरी कर्मचारीलाई नेपालको राष्ट्रिय झण्डा र गाउँपालिकाको अध्यक्ष समक्ष शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद-४

## आचरण

### १४. दान उपहार लिन नहुनेः

प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, पुरस्कार कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

### १५. चन्दा लिन नहुनेः

कुनै प्रहरी कर्मचारीले गाउँपालिकाको पुर्व स्वीकृति बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिनुहुदैन ।

### १६. सम्पतिको विवरण पेस गर्नुपर्नेः

प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको ढाँचामा सम्पति विवरण दाखिला गर्नुपर्नेछ ।

### १७. व्यापार व्यवसाय गर्न नहुनेः

प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति विना कुनै पनि व्यापार व्यावसाय गर्नुहुदैन ।

### १८. कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः

प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैर सरकारी संघसंस्थाबाट

प्राप्त गरेका वा आफैले लेखेका अथवा संकलन गरेका कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति वाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुदैन ।

**१९. रेडियो ,टेलिभिजन वा पत्रिकासँग सम्पर्क राख्न नहुने :**

१. प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक तथा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा आम संचारका माध्यमद्वारा प्रशारण गर्न हुदैन ।

तर यस्तो प्रकाशन वा प्रशारण साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक वा व्यावसायिक विषयको भएमा यस्तो स्वीकृति लिइरहनु पर्दैन ।

२. उपदफा १) वमोजिम प्रकाशन वा प्रशारण गर्न मिल्ने सामाग्रीको सम्बन्धमा त्यस्तो सामाग्री प्रकाशन वा प्रशारण गरेपछि सोको जानकारी गाउँपालिकालाई गराउनुपर्दछ ।

**२०. गाउँपालिकाको आलोचनाः**

प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिकाको प्रतिष्ठामा आंच आउने गरि विचार व्यक्त गर्ने, संवाद, लेख रचना प्रकाशन र प्रसारण गर्नु हुदैन ।

**२१. निर्वाचनमा भाग लिन नहुनेः**

प्रहरी कर्मचारीले कुनैपनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुदैन ।

## २२. राजनीतिमा भाग लिन नहुनेः

प्रहरी कर्मचारीले कुनैपनि राजनीतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनितिमा भाग लिन, राजनितिक संस्थालाई चन्दा दिन अथवा कुनै कुनै राजनीतिक संस्था वा आन्दोलनलाई सहयोग गर्नुहुदैन ।

## २३. समय पालना र नियमितताः

प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ  र स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्नेछ ।

## २४. अनुशासन र आज्ञापालनः

१. प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

२. प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धि कुरामा आफु भन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

३. प्रहरी कर्मचारीले सदैब आफ्नो प्रमुखको आदेशको मातहत चेन अफ कमाण्डमा रही कार्यसम्पादन गर्नुपर्नेछ ।

## २५. बाहिरी प्रभाव पार्न नहुनेः

प्रहरी कर्मचारीले कार्यसम्पादनको शिलशिलामा कुनै अनुचित प्रभाव पार्ने वा पार्ने प्रयत्न गर्नुहुदैन ।

## २६. वहुविवाह गर्न नहुनेः

प्रहरी कर्मचारीले प्रचलित कानून विपरित हुनेगरी बहुविवाह वा अनमेल विवाह गर्न वा गराउन हुदैन ।

**२७. लैङ्गिग संवेदनशील हुनुपर्नेः**

प्रहरी कर्मचारीले कार्यसम्पादन गर्दा लैङ्गिग संवेदनशिलतालाई ध्यान दिनुपर्नेछ लैङ्गिग

**२८. हातपात वा जोरजुलुम गर्न नहुने :**

प्रहरी कर्मचारीले आफु भन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुदैन ।

## परिच्छेद -५

## कसुर तथा सजाँय

**२९. सजाँयः**

१. प्रहरी कर्मचारीलाई सजाय गर्ने नराउने आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिनेछैन ।

२. नगर प्रहरी कर्मचारीले पेश गरेको स्पष्टिकरण चित्तबुझ्दो नभएमा कसुरको प्रकृति हेरी प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछः

क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

ख) नसिहत दिने ।

ग) तलब बृद्धि वा पदोन्नती रोक्का गर्ने ।

घ) एक तह तलको पदमा घटुवा गर्ने ।

ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी सेवा बाट बर्खास्त गर्ने ।

३. प्रहरी कर्मचारीको लापारवाहीको कारण गाउँपालिकालाई कुनै हानि नोक्सानी भएको ठहर भएमा त्यस्तो हानि नोक्सानीको बिगो बमोजिमको रकम निजबाट रकम असुल गरिनेछ ।

**३०. नसिहत दिने वा प्रतिकूल राय लेख्नेः**

प्रहरी कर्मचारीले काममा साधारण लापारबाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटक सम्म नसिहत दिदाँ पनि निजले काममा लापारबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखिनेछ ।

**३१. तलब बृद्धि वा पदोन्नती रोक्का गर्नेः**

प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सकिनेछ ।

**३२. सजाय गर्ने अधिकारः**

क) प्रह री कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

ख) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा स्वयं एवम् अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकृतले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुत प्रमाण दाखिला गर्नुपर्नेछ ।

ग) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको अवधि भर स्वतः निलम्बन हुनेछ ।

घ) फौजदारी अभियोग लागेको प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजको पूर्ववत बहाल रहने सुबिधा पाउनेछ ।

## परिच्छेद-७

## प्रहरी कर्मचारीको पोशाक

**३३. प्रहरी कर्मचारीको पोशाकः**

प्रहरी कर्मचारीको पोशाकको रङ्ग, किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**३४. प्रारम्भिक पोशाक र सामानः**

प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**३५.जाडो मौसमका लागि दिइने पोशाकः**

प्रत्येक प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यपालिकाले तोकिए अनुसार गाउँपालिकाबाट उपलब्ध गराईनेछ ।

## परिच्छेद-८

## विविध

**३७. पुरस्कार तथा प्रोत्साहनः**

प्रहरी कर्मचारीले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय कार्य गरेमा त्यस्तो प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा गाउँपालिकाबाट उपलब्ध गराउन सकिनेछ ।

**३८. सेवा सुविधा र चाडपर्व खर्चः**

प्रहरी कर्मचारीले प्रचलित कानून अनुसार तलब भत्ता साथै करार अवधि छ महिना भएपश्चात प्रत्येक वर्ष निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ । नगर प्रहरीको विमा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**३९. करार नवीकरण हुनेः**

यस कार्यविधि बमोजिम करारमा नियुक्त प्रहरी कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा निजसँग भएको करार सम्झौता नवीकरण हुनेछ ।

**४०. यसै कार्यविधि बमोजिम हुनेः**

प्रहरी कर्मचारीको पारिश्रमिक, शर्त तथा अन्य सुविधा यस कार्यविधिमा व्यवस्था भएकोमा यसै बमोजिम हुने र यस कार्यविधिमा व्यवस्था नभएकोमा प्रचलित कानुन बमोजिम गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**४०. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयन तथा व्याखामा कुनै द्विविधा परेमा वा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउने निर्णय गर्न सक्नेछ ।

**आज्ञाले**
**देब चन्द्र गतौंला**
**प्रमुख प्रशासकीय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/मुद्रण रु १० मात्र ।**